नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

फोन नः ०१-४१००२२३
टोल फ्रिः १६६००१११२२४
बबरमहल, काठमाडौं

पत्र संख्या: २०८३ ।०८४
च.नं ७२४

मितिः२०८३।०५।१७

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरू (सबै)

विषयः **EMR प्रणालीको कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भई सेवा प्रदान गरिरहेका सेवा प्रदायक स्वास्थ्य संस्थाहरूमध्ये अधिकांशबाट Manual दाबी पेश हुँदै आएको छ। यस माध्यमबाट दाबी प्राप्त हुँदा दाबी रुजु तथा मूल्याङ्कन प्रक्रियामा समय लाग्नुका साथै सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई दाबी भुक्तानी गर्न समेत ढिलाइ हुने गरेको र फलस्वरूप गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा समेत कठिनाइ उत्पन्न हुने अवस्था रहेको छ।

स्वास्थ्य बीमा प्रणालिलाई समय सापेक्ष रुपान्तरण गर्दै लैजाने सन्दर्भमा दाबी व्यवस्थापन प्रक्रियालाई छिटो, पारदर्शी तथा डिजिटल माध्यमबाट प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध सम्पूर्ण सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले प्रदान गरिरहेका सम्पुर्ण सेवामा Electronic Medical Record (EMR) प्रणाली अनिवार्य रूपमा लागू गरी सोही प्रणालीमार्फत दाबी पेश गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध गरिन्छ। साथै, तहाँ स्वास्थ्य संस्थामा हाल सञ्चालनमा रहेको अस्पताल सफ्टवेयर तथा प्रयोगमा रहेका मोड्युलहरू र आगामी दिनमा EMR प्रणालीको विस्तार तथा कार्यान्वयनका लागि तय गरिएको योजना समेत जानकारी गराउनुहुन अनुरोध गरिन्छ।

डा.पवन कुमार साह
वरिष्ठ मेडिकल सुपेरिटेण्डेण्ट
(प्रवक्ता)

बोधार्थ
श्री सूचना प्रविधि शाखा, स्वास्थ्य बीमा बोर्ड (पत्र बोर्डको वेवसाईटमा प्रकाशित गर्नुहुन)